# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका   日本初ネパール語の新聞   First Nepalese Newspaper in Japan

वर्ष ११, अंक ५, २०७५ पौष १-१५, मूल्य : १०० येन   Vol. 11, No. 5, December 16-31, 2018, Price : ¥ 100

## नेपालीका लागि रोजगारी
# जापान नयाँ गन्तव्य हुन सक्ने

❑ नेस संवाददाता

टोकियो - नेपाली कामदारहरूका लागि आकर्षक गन्तब्य मुलुक मानिने जापानमा संभावनाको ढोका खुलेको छ । पहिलो चरणको सूचीमा नेपालको नाम नपरे पनि दोस्रो चरणमा नेपालको नाम सूचिकृत भएपछि संभावनाको ढोका खुलेको हो ।

वैदेशिक रोजगारीको नयाँ गन्तव्य बन्न सक्ने जापानमा नेपाली कामदार पठाउन जापान सरकारसंग लचिलो भई सम्झौता गर्न आन्तरिक छलफल भईसकेको नेपाल सरकारका अधिकारीहरूले बताएका छन् ।

कामदारको अभाव हटाउन जापान सरकारले हालै विभिन्न सात देशका श्रमिक भित्र्याउने निर्णय गरेकोमा नेपालको नाम पनि थप गर्ने भएपछि धेरैभन्दा धेरै नेपाली कामदार जापान पठाउन गृहकार्य तीव्र बनाइएको श्रम सचिव महेश दाहालले नेपाली समाचारलाई बताए ।

आफ्नो देशमा बढिरहेको कामदार अभाव हटाउन विदेशी श्रमिक ल्याउने योजना अघि सारेको जापान सरकारले मंगोलिया र नेपालको नाम दोस्रो चरणमा सूचिकृत गरेको हो ।

लगत्तै जापानको संसदबाट उक्त प्रस्ताव पारित भएपछि नेपालले रोजगारीको नयाँ गन्तव्य पाउने पक्का

>>> बाँकी पृष्ठ ७ मा

## नेतृत्वको कार्यशैली नसच्चिए
# ‘ठूलो दुर्घटना’

❑ नेस संवाददाता

काठमाडौं - सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीभित्र आलोचना र असन्तृष्टी बढेको छ । दुई तिहाइ बहुमतको सरकार र त्यसलाई सञ्चालन गर्ने पार्टी विधि र प्रक्रियामा नचलेकोमा असन्तुष्टी झांगिएको हो । पार्टीले स्पष्ट दिशा दिन नसकिरहेका बेला एकता प्रक्रियाले पनि पूर्णता पाउन सकिरहेको छैन । यो अवस्थामा उच्च तहकै नेताहरूबाट चर्को असन्तुष्टी मुखरित भईरहेको छ । यिनै मध्येका एक हुन् स्थायी कमिटी सदस्य घनश्याम भुसाल । सरकार र नेकपाको गतिबाट उहाँ सन्तृष्ट

>>> बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# सार्थक वर्ष सावित होस् सन् २०१९

अहिले हामी अंग्रेजी वर्ष २०१८ ले विदा लिदै गरेको अवस्था र अंग्रेजी नयाँ वर्ष २०१९ को पूर्व सन्ध्यामा उभिएका छौं। जापानको नेपाली समुदाय र परिवर्तित सन्दर्भमा मुलुकको समग्र पाटोका बारेमा वर्षभरिको समीक्षा गर्ने बेला हो यो। समीक्षाबाट सिक्दै आगामी वर्षको रेखा कोर्ने, भावी योजना तय गर्ने संघारमा उभिरहँदा बितेको वर्षमा भए गरेका उपलब्धि र आत्मालोचना गर्नुपर्ने बिषयहरूमा केन्द्रित हुनु जरूरी छ।

उत्साहको वर्ष नै मान्न नसकेपनि वितेको वर्षमा जापानको नेपाली समुदायबीच विद्यमान आपसी सद्भाव र भाइचाराका दृष्टिले सकारात्मक सन्देश दिने खालका थुप्रै कार्यक्रमहरू सम्पन्न गरिएका छन्। नेपाली समुदाय र यहाँ रहेको दूतावास बीचको पारस्परिक सम्बन्ध र सहकार्य थप विकसित हुँदै गएका छन्। कानुन तथा न्यायमन्त्री भानुभक्त ढकाल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको राज्यस्तरबाट भएका जापान भ्रमणबाट नेपाल जापानबीच रही आएको असल सम्बन्धलाई थप पुनर्ताजगी गरिनुका साथै जापानी निजी क्षेत्रलाई नेपालमा लगानीका लागि औपचारिक रूपमा आह्वान गरिएको छ भने आर्थिक समृद्धिको दिशातर्फ अगाडि बढ्दै गरेको नेपालका लागि जापान सरकारको संभावित सहयोगका लागि वातावरण बनाउने काम भएको छ। यसबाहेक जापान र नेपालबीच उच्चस्तरिय भ्रमण आदान प्रदानका लागि संभाब्यताको अध्ययन गरी वातावरण बनाउन पहल भईरहेको खबर आईरहेका छन्। यो आम नेपालीका लागि खुशीको बिषय मान्न सकिन्छ।

यति हुँदा हुँदै जापान जस्तो सभ्य र शालिन समाजमा बसेका नेपालीहरू अवाञ्छित गतिविधिमा संलग्न रहेको आरोपमा धरपकडमा परेको, शरणार्थीमा जाने नेपालीहरूको संख्यामा खासै कमी नआएको जस्ता समाचारहरू समय समयमा जापानी मिडियामा प्रधान बिषय बन्नुले जापानमा नेपालीहरूको छबि धुमिल हुन पुगेको छ। यसबाहेक नेपालीहरूबीचको सौहाद्रतामा खलल पुग्ने खालका क्रियाकलापहरूमा बढोत्तरी आउनु अर्को चिन्ताको बिषय हो। नेपालीहरू नेपालीसंग नभएर मिलेर अरूसंग प्रतिस्पर्धा गर्नुपर्नेमा त्यसो हुन नसक्नुमा हाम्रो चिन्तन र सोचमा अझै संकीर्णता बाँकी रहेको संकेत गर्दछ। समस्या हामीमा अवश्य छन् तर समाधान पनि हामीभित्रै खोजिने सँस्कारको विकास गर्न आवश्यक छ।

अर्कोतर्फ ब्यवसायिक क्षेत्रमा नेपालीहरूले जापानमा गरेको लोभलाग्दो प्रगतिको दायरा फराकिलो हुँदै गईरहेको छ। तिनैको सिको गर्दै नयाँ पुस्ताका नेपालीहरू पनि उद्यमी बन्नतिर प्रेरित देखिन्छन्। यहाँ उपलब्ध संभावना र अवसरलाई केलाएर अभिप्रेरित गर्ने खालका अपेक्षित कार्यक्रमहरू हुन नसके पनि त्यस दिशामा जानुपर्नेमा यहाँको नेपाली समुदाय एकमत देखिन्छ।

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषित गरी २० लाख पर्यटक भित्र्याउने संकल्प गरेको परिप्रेक्ष्यमा जापानमा बस्ने नेपालीहरूको भूमिका अहम हुने देखिन्छ। यस सन्दर्भमा नेपाल जापानबीच सिधा हवाईसम्पर्क हुने बिषयले थप उत्साहको सञ्चार गरेको छ। नेपाल बारे अनभिज्ञ जापानीहरूको संख्या अधिक रहेको सन्दर्भमा नेपाललाई चिनाउने र नेपाल भ्रमण गर्न प्रेरित गर्ने खालका अल्पकालिन र दीर्घकालिन अभियानहरू थालिनु जरूरी छ। यसका लागि नेपाली दूतावास, पर्यटन बोर्ड, नेपाल वायुसेवा निगम, जापानका नेपाली संघसंस्था, ब्यवसायी तथा प्रबुद्ध वर्गको संयुक्त पहलकदमी हुनुपर्ने देखिन्छ।

जापानमा नेपालीहरूको बढ्दो संख्या, थपिदो जिम्मेवारी र अत्यन्त पेचिलो बन्दै गएको नेपालीका लागि जापानको श्रमबजार जस्ता बिषयहरूमा यहाँको अगुवा नेपालीहरू थप संयमित र संवेदनशील हुनु जरूरी छ। हाम्रा कतिपय सार्बजनिक अभिब्यक्तिले जापानी समुदायमा नकारात्मक प्रभाव पर्न जाने बिषयलाई नकार्न सकिदैंन। जापानीहरूमा नेपालीहरूप्रतिको चासो र निगरानी अत्यन्तै बढेको पाईन्छ। यहाँका ठूला मिडिया हाउसहरूले समेत नेपालीका बारेमा नियमित सामाग्री उत्पादन तथा प्रसारण गरिनुले त्यसलाई पुष्टि गर्दछ।

नेपाल र जापान दूवै राष्ट्रका लागि सन् २०१९ अत्यन्त महत्वपूर्ण एवं ऐतिहासिक वर्ष हुने छन्। नेपालका लागि भ्रमण वर्षको तैयारी वर्ष अर्थात आधारशिला निर्माण गर्ने वर्ष हो भने जापानका लागि ओलम्पिक आयोजक राष्ट्रका हैसियतले सम्पूर्ण तैयारी पुरा गरेर बिश्वलाई आमन्त्रण गर्ने वर्ष हो। यस अवसरमा हामी जापानमा हुने नेपालीको पनि कुनै न कुनै रूपमा सकारात्मक भूमिका वाञ्छनीय छ। मेलमिलाप, सहकार्य, सहमति र एकअर्काप्रतिको सौहार्द्रताले मात्र जापानी समुदाय सामु हामीले नेपालीको असली चिनारी दिन सक्दछौं। यस महत्वपूर्ण अवसरमा सन् २०१९ नेपाल र नेपालीका लागि सार्थक र उपलब्धिको वर्ष साबित हुन सकोस्, शुभकामना।

के तपाई पुस्तक लेख्ने सोचमा हुनुहुन्छ ?

जीवनका अविस्मरणीय घटना तथा क्षण
प्रवास भोगाइका तीता, मीठा अनुभव
अनि मनमा सँधै छचल्किरहने भावना,
यात्रा-नियात्रा संस्मरण, जीवनी
लगायतका बिषयवस्तु समेटिएको
पुस्तक प्रकाशन गरेर
लेखक बन्न चाहानुहुन्छ भने
हामीलाई सम्पर्क गर्नुहोला।

साथै कथा संग्रह, कविता संग्रह, गजल संग्रह,
उपन्यास लगायतका साहित्यिक प्रकाशन तथा संघसंस्थाहरूका
संस्थागत मुखपत्र, स्मारिका, बिधान लगायतका दस्ताबेज प्रकाशन
गर्नुपरेमा पनि हामीलाई सम्झनुहोला ।

080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

# नैतिकताको खडेरीमा सदाचारको धुन

विचार

✍ निर्मलकुमार आचार्य

> आजको दुनियाँमा जोगी नेताको परिकल्पना कसैले गरेका छैनन्, यसको अर्थ रोगी हुनेगरी कसैलाई भोगी हुने छूट पनि छैन। नेता, कार्यकर्ताका लवाइ, खवाइ र सरसंगत पनि नागरिकले गहिरिएर नियालिरहेका हुन्छन्। दश हजारको कमिज, बीस हजारको पाइन्ट र पचास हजारको कोट लगाउने अनि पाँचतारे बाहेक अन्त नरुच्ने नेतृत्वप्रति सधैँभरि जनशक्ति नरहनसक्छ। चुनावका बेला दलितका अगेनामा खाएका नेताले आफ्ना भान्छामा तिनको कहिले स्वागत गरेका छन् ? सवाल कुनै पनि बखत उठ्न सक्छ।

जनताका गुनासो बढ्न थालेपछि मेक्सिकोका राष्ट्रपति आन्द्रेस म्यानुयल लोपेज ओब्राडोरले तलवको एक तिहाई रकम राज्यकोषमा फिर्ता गर्नुभएको छ भने न्यायाधीशलगायत सार्वजनिक सेवामा रहेका उच्च पदाधिकारीलाई पनि आ-आफ्नो तलव समाज सेवामा लगाउन आह्वान गरेको खबर प्रवाहित भएको छ। जन आवाज मत्थर तुल्याउने उद्देश्यले भए पनि बढाउन थालिएको त्यागपूर्ण कार्यप्रति चासो बढेको छ।

सार्वजनिक पदधारण गर्नेको सेवा, सुविधाप्रति नागरिकले नबोले पनि मूल्याङ्कन गरिरहेका हुन्छन्। पानीले शिर नाघ्न थालेपछि मात्रै जनआवाज चर्कने हो। जनबोली फुटेपछि गरिएको मेक्सिकोको कदमले के कस्तो सकारात्मक लक्षण देखाउँदै जाने हो ? त्यो त भविष्यकै गर्भमा छ तर यसबाट पाठ सिकी समय नघर्कंदै घैँटामा घाम लगाउन सके जहाँसुकै बुद्धिमानी हुने देखिन्छ।

सेवा र सुविधाका विषयलाई लिएर नेपालमा पनि पछिल्लो समय थरीथरीका टीकाटिप्पणी भइरहेका छन्। औचित्य र अनौचित्यका सम्बन्धमा कित्तैमा बाँडिएर जिरह, जिकिर र बहस चलिरहेका छन्। राजधानीमा घर भएर पनि घरभाडाबापत रकम बुझ्दै आएका सांसदप्रति प्रश्न उठ्नु अस्वभाविक होइन। केही सांसदले रकम फिर्ता गरेर जनमतको कदर गरेको पनि देखियो। काठमाडौँ उपत्यकामा घर भई डेराबापत रकम लिएका अन्य सांसदले पनि रकम फर्काउनेमा सन्देह रहेन। संघीय संसद् सचिवालयको गल्तीको कारण दर्शाइएर वा सामान्य गल्ती भनिएर भए पनि भुलचुक लेनदेन गरिएकामा सन्तोष मान्नुपर्छ। कम्तीमा जे भएको थियो, गलत भएको थियो भन्ने भावबोध त भयो।

तर कुरो यत्तिमै सीमित रहेन, संघीय संसद्का पदाधिकारी तथा सांसदले स्वकीय सचिव र सचिवालयका कर्मचारीको तलबभत्ता आफैले लिने गरेको खबर पनि प्रवाह भएको छ। यसमा पनि सचिवालयको कमजोरीलाई कारण देखाइँदै अनावश्यक रूपमा सांसदलाई लाञ्छित गर्न खोजिएको धारणा पनि व्यक्त भएको छ।

सेवा, सुविधाको रन्कोले मन्त्री तहलाई समेत तताएको छ। इन्धनमा दोहोरो सुविधा लिने गरेको लगायत आफूखुशी सुविधा बाँडेको आरोप अनेक मन्त्रीमाथि लागेको छ। यसको खण्डन र पुष्ट्याइँमा अवश्य पनि निकै दिन अनेक मगज मन्थनिनेछन्।

उच्चाधिकारीका सवारीसाधन, भवन, इन्धनलगायत विभिन्न सेवा, सुविधाका विषय जुन रूपले यतिखेर उठिरहेका छन्, यसलाई केवल षडयन्त्रका तानाबाना भनेर उम्कने अवस्था छैन। विधिविरूद्ध भए, गरेका सबै काम, कारबाही त्याज्य रहेकामा कतै विमति नहोला। जहाँसम्म राजनीतिक पदाधिकारीप्रति नागरिक दृष्टिको कुरो छ, त्यो ज्यादै सूक्ष्म र तीक्ष्ण रहेका वास्तविकतालाई कसैले लत्याउनु हुँदैन।

आजको दुनियाँमा जोगी नेताको परिकल्पना कसैले गरेका छैनन्, यसको अर्थ रोगी हुनेगरी कसैलाई भोगी हुने छूट पनि छैन। नेता, कार्यकर्ताका लवाइ, खवाइ र सरसंगत पनि नागरिकले गहिरिएर नियालिरहेका हुन्छन्। दश हजारको कमिज, बीस हजारको पाइन्ट र पचास हजारको कोट लगाउने अनि पाँचतारे बाहेक अन्त नरूच्ने नेतृत्वप्रति सधैँभरि जनशक्ति नरहनसक्छ। चुनावका बेला दलितका अगेनामा खाएका नेताले आफ्ना भान्छामा तिनको कहिले स्वागत गरेका छन् ? सवाल कुनै पनि बखत उठ्न सक्छ।

संविधानसभाबाट संविधान बनी दुई तिहाई बहुमतको सरकार बनेर विकास, निर्माणका दिशामा द्रुतगति अँगाल्नुपर्ने स्थितिमा यतिखेर जे जस्ता दृश्यगोचर भइरहेका छन्, सुखद छैन। हुनसक्छ, परिवर्तन विरोधीले खेल्न थाले। स्वानुकूल बनाउन नसकेका पराइले चलखेल बढाएको पनि हुनसक्छ। के गति बढ्न नसक्नुमा अरू मात्रै दोषी छन् ?

एकताको वेदीमा देखिनुपर्ने नेकपा अनेकताको फेदीमा थन्किँदो छ। युनिफिकेशन चर्चको विवादास्पद 'एसिया प्यासिफिक समिट'को भूतले अझै छाडेको छैन। एक व्यक्ति, एक पदको राग र त्यसविरूद्ध छेडिएको विरागले जुन महाराग उत्पन्न गरेको छ, परागको कल्पनै नगरे हुन्छ।

उर्दूमा एउटा भनाइ छ, 'बडे मियाँ तो बडे मियाँ, छोटे मियाँ सुभान अल्ला'। जनताले अहिले नेपाली काँग्रेसलाई छोटे मियाँ बनाएका हुन्। रनभुल्लबाट अझै उत्रन सकेको छैन। महासमितिको बैठक हो कि महाअसहमतिको बैठक हो ? अन्योलको पारा विचित्रको छ। 'गौरवमय इतिहास, जिम्मेवार वर्तमान र उज्यालो भविष्य' को नारा नराम्रो छैन, खोतल्नुपर्ने पाटा धेरै छन्।

इतिहासमा सबै गौरवपूर्ण काम मात्रै भएका छैनन्, वर्तमान कत्ति जिम्मेवारयुक्त छ, सबैसामु प्रष्ट रहेकाले दर्शाइरहनुपर्ने देखिँदैन। विगतमा भएका गलत कामको आत्मालोचना गर्दै त्यसलाई पुनरावृत्त हुन नदिने गरी वर्तमानमा सही प्रतिपक्षीको भूमिका खेल्दै खासगरी जन अभिरूचि अनुकूल अग्रसर हुँदा नै उज्यालो भविष्य कायम हुनसक्छ। नत्र आयाराम, गयारामको कथाबाहेक केही सुन्न पाईने छैन।

वर्तमान नेपाली राजनीतिको अभाव पक्ष भन्नु यसको शब्दकोशमा सदाचार मेटिनु हो। सदाचारको अनुपस्थितिमा अनैतिकताको बिरूवा लहलहाउनु अनौठो होइन। सवाल यो दल वा त्यो दलको होइन, सबै दल जानेर अथवा नजानेर उही दलदलमा भासिंदै गएका छन्। पद भागबण्डाको जुन लडाइँ, हरेकजसो दलमा देखिएको छ, त्यसका पछाडि पदीय सत्ता, भत्ता, सुविधा आदि नै मूल तत्व रहेका छन्। पदीय गौरव कुनै त्यागदायी विषय रहेन। नेता, कार्यकर्ता हुनु जनताप्रति समर्पित हुनुको द्योतक बनेन, बरू सत्ताप्राप्तिका लागि खेलाडी हुनु मात्र रहेकाले पनि सबैतिर नैतिकताको खडेरी लाग्दो छ।

भ्रष्टाचारविरोधी राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदनमा विकृतिको मुहान राजनीतिक क्षेत्र बिनसित्ती दरिँदै आएको होइन। नेताका सय खून माफको पद्धतिले जस्तोसुकै उम्दा व्यवस्थालाई पनि खोट लगाउँछ नै। अनैतिकता पोस्ने गलत प्रवृत्तिविरूद्ध राजनीतिक दल छिट्टै जागेनन् भने दोहोलोबाट बच्न असम्भव छ।

हरेक दलमा सदाचार समिति हुनैपर्छ। नेता, कार्यकर्तालाई सदाचारको शिक्षा दिने र थोरै दाग लाग्दा पनि कसुरअनुसार कारबाही गरिहाल्ने परम्परा बसाल्नसके कमाउनैका लागि राजनीतिमा लाग्नेको संख्या कम हुने थियो।

उपचारका लागि विदेशमा राज्यको करोडौं रकम स्वाहा पार्ने नेता देखेर ज्वरो आउँदा सिटामोल समेत नपाउने नागरिकको मन कसरी द्रवीभूत हुनसक्ला ? यस्ता प्रवृत्तिप्रति आँखा चिम्लने गरिएकैले आज कुनै पनि क्षेत्र कलंकमुक्त नभएको हो। संविधानमा भोजन, स्वास्थ्य, शिक्षा, रोजगारी आदिको प्रत्याभूत गरिएको अवस्थामा समेत आम नेपाली बिरानै गीत गाउन बाध्य छन्। हरेक नेपाली आफ्ना थाप्लामा २५ हजार रूपियाँभन्दा बढीको ऋणभार बोक्न बाध्य भइरहेकाले पनि राजनीतिक दल अब चुक्नु हुँदैन।

मुलुकमा परिवर्तित राजनीतिक व्यवस्थालाई सुदृढ र बढीभन्दा बढी जनमुखी साबित गर्दै बढ्नुपर्ने राजनीतिक दलले जनताको मन जितेर अघि बढ्न पनि सदाचार अवलम्बन गर्नुको विकल्प छैन। बोलीमा मात्र होइन, व्यवहारमै सदाचार प्रतिबिम्बित हुनुपर्छ। रिक्तता अनुभव गरी तत्काल सदाचार पद्धति अनुशरण गरिएमा मात्र राजनीतिक शुद्धीकरणमा जोड पुग्नेछ।

स्थानीय सरकारका कतिपय अगुवा आफ्नै लागि गाडी, मोटरसाइकल आदि जुटाउन मरिहत्ते गर्दा आलोचनाका पात्र बन्न पुगे। पदारोही हुनुको तात्पर्य सेवक हुनु हो, जनतालाई रिझाउनु र विकासको संवाहक हुनु हो भन्ने बुझाउन नसकिएकैले ती अनैतिक स्वार्थमा लहसिन पुगेका हुन्। स्वार्थको जुनसुकै तह भए पनि माथिदेखि तलैसम्म सदाचारको पवित्र गंगामा अवगाहन अधीरताको विषय बनेको छ।

जनताको नजरमा माथि उठ्न नेता, कार्यकर्ताले सदाचारी बन्नैपर्छ। महात्मा गान्धी पनि पहिले धोती लगाउँदैनथे। सुट पाइन्टमा सजिने गान्धीले जब भारतका गरिबको हैसियत देखे, तत्काल जनतै जस्तो हुने निर्णय गरे र त्यही शैली जीवनभर अँगाले। तब त उनलाई 'महात्मा' गान्धी भनिएको हो। यहाँ कछाड लगाउन कसैले भनेका छैनन्, आशय सदाचार अवलम्बन गरियोस् भन्ने हो। सदाचार अँगालिनासाथ भ्रष्टाचार स्वतः मेटिंदै जाने जनविश्वास छ। कर्मचारीतन्त्रप्रति चोरी औँला ठड्याउनु साटो आफ्नै शिर स्वाभिमानले ठड्याउनसक्ने निःस्वार्थी नेतृत्वको विकास जरूरी छ।

बदलिँदो राजनीतिक मौसममा आन्तरिक तथा बाह्य कुवायु प्रवाहसँग जुझ्न पनि सदाचार जस्तो बलियो र स्थायी कवच अर्को हुनसक्दैन। सदाचारको बलले मात्र आन्तरिक व्यवस्थापन कायम गर्न सकिन्छ भने अन्य दलसँग पनि मेलमिलापको आधार तय गर्न सक्छ। मूलकुरो, हाम्रा नेता, कार्यकर्ताले सदाचारलाई मूलमन्त्र मान्न थालेको सन्देश प्रवाह मात्र हुनथाल्यो भने पनि समृद्धिको यात्रामा महा शंघोष ठहरिनेछ। अतः उठेका हरेक अनियमितता र भ्रष्टाचारका मुद्दालाई नीरक्षीरविवेकी भई नामेट पार्न सक्नुमै नेतृत्वको महाखुबी साबित हुनेछ।

# आउँदो फेब्रुअरीबाट ओशाका काठमाडौं सीधा उडान हुने

❑ नेस संवाददाता

काठमाडौं - नेपाल वायुसेवा निगमले आगामी फेब्रुअरीको पहिलो सातादेखि ओशाका-काठमाडौं सिधा उडान सुरू गर्ने भएको छ । निगमको सञ्चालक समितिले जापानको ओशाका र चीनको ग्वान्झाओमा 'स्टेसन' खोल्न व्यवस्थापनलाई अनुमति दिएको छ ।

यसैबिच नेपाल वायु सेवा निगमका जापानका लागि कन्ट्री म्यानेजर सन्तोष पाण्डे हालै जापान आईपुगेका छन् । निगमका उपनिर्देशक समेत रहेका पाण्डेलाई निगमले जापानको लागि कन्ट्री म्यानेजर तोकेको हो । पाण्डेका अनुसार आगामी वर्षको फेब्रुअरी पहिलो सातादेखि निगमले ओसाका-काठमाडौ सिधा उडान सुरू गर्ने योजना छ ।

उक्त कार्यको पूर्व तैयारी एवं आवश्यक गृहकार्यका लागि कन्ट्री म्यानेजर पाण्डे जापान आएको बताईएको छ ।

ओसाकाको कान्साई विमान स्थलबाट काठमाडौं सिधा उडान भर्ने तैयारी गरिरहेको निगमले आगामी जुलाईदेखि नारिता विमानस्थलबाट पनि उडान भर्ने योजनासहित तयारी थालेको उपनिर्देशक पाण्डेले नेपाली समाचारलाई बताए ।

निगम व्यवस्थापनले ती दुवै गन्तव्यमा आफूसँग रहेका दुईथान ठूलो (वाइड बडी) आकारका 'ए ३३०-२००' सिरिजका जहाजबाट उडान गर्ने योजना बनाएको छ । तर, दुवै गन्तव्यबाट उडान अनुमति आउनुअघि नै सञ्चालक समितिले स्टेसन खोल्न अनुमति दिने निर्णय गरेको हो ।

चीनको ग्वान्झाओमा नयाँ स्टेसन खोल्ने र जापानको ओशाकामा भने पुनः स्टेसन खोल्ने निर्णय भएको हो । ग्वान्झाओमा निगमले हालसम्म उडान 'स्लट' पाउन सकेको छैन भने ओशाकामा पुरानै स्टेसनलाई सञ्चालन गर्न लागिएको हो । विगतमा ओशाका उडान गरेको र केही अवधिपछि उडान बन्द भएपछि त्यहाँको स्टेसन पनि बन्द गरिएको थियो ।

काठमाडौंबाट ओशाका सेक्टरका लागि सातामा तीन र ग्वान्झाओका लागि पनि सातामा तीन उडान गर्ने तयारी भईरहेको निगमका कार्यकारी अध्यक्ष मदन खरेलले बताए ।

जापानको अर्को प्रमुख विमानस्थल नारिताका लागि पनि नियमित उडान गर्ने निगमको योजना छ । त्यहाँ पनि सातामा तीनवटै उडान गर्ने तयारी छ ।

युरोपेली युनियन (ईयू) को उड्डयन सुरक्षा सूची (ब्ल्याक लिस्ट) मा नेपाल परेका कारण जापान र दक्षिण कोरियाले निगमका जहाजलाई आफ्ना गन्तव्यमा हालसम्म उडान अनुमति नदिएको सम्बद्ध एक अधिकारीले दाबी गरे ।

युरोपेली जहाज निर्माता कम्पनी एयरबसमा उत्पादन भएका वाइड बडी जहाज प्रत्येकमा १८ बिजनेस क्लास र २ सय ५६ इकोनोमी क्लास गरी २ सय ७४ सिट छन् । निगमले पहिलो वाइड बडीलाई 'अन्नपूर्ण' र दोस्रोलाई 'मकालु' नाम दिएको छ । मुलुकको उड्डयन क्षेत्रको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले पहिलोलाई '९एन-एएलवाई' र दोस्रोलाई '९एन-एएलजेड' कलसाइन दिएको छ ।

निगमले दुईथान वाइड बडीका खरिद गर्दा भुक्तानी गर्नुपर्ने कूल २४ अर्ब रूपैयाँ तीन किस्तामा पठाएको थियो । पहिलो किस्ता २०७४ असार ३ गते ८ अर्ब, दोस्रो किस्ता २०७५ असार १२ मा ८ अर्ब र अन्तिम किस्तावापत साउन ८ गते बाँकी ८ अर्ब रूपैयाँ हाइफ्लाई एक्सलाई पठाएको थियो । निगमले सरकारी स्वामित्वको कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट १२/१२ अर्ब रूपैयाँका दरले ऋण लिएर पठाएको हो । दुवैको वार्षिक ब्याज दर १० प्रतिशत छ । यो हिसाबमा निगमले दुईवटा वाइड बडीलाई वार्षिक ब्याजमात्र २ अर्ब ४० करोड रूपैयाँ तिर्नुपर्छ ।

निगमले तयार पारेको व्यापारिक योजनाअनुसार जापान, कोरिया र साउदी अरबका लागि वाइड बडी जहाजबाट प्रत्येक साता तीन उडान सञ्चालन गरिनेछन् । काठमाडौंबाट कोरिया र जापान पुग्न सिधा आठ घन्टाभन्दा बढी उड्नुपर्छ भने साउदी अरब पुग्न पाँच घन्टाभन्दा बढी उड्नुपर्छ । जहाजको सिट भराइ दर (अकुपेन्सी) बढ्दै गए ती गन्तव्यमा उडान संख्या थप्दै लाने निगमको योजना छ ।

वाइड बडीले जापानको हानेदा, कोरियाको सोउल, चीनको ग्वान्झाओ र साउदी अरबको दम्माम उडान अनुमति पाइनसकेका कारण हाल दुबई, दोहा, हङकङ, बैंकक, मलेसिया, नयाँदिल्लीलगायत गन्तव्यमा उडाईरहेको छ ।

# जापान आउने पर्यटकको संख्या हालसम्मकै उच्च

❑ नेस संवाददाता

टोकियो - जापान आउने पर्यटकको संख्या यो वर्ष हालसम्मकै उच्च रहेको जापान टूरिज्म एजेन्सीले जनाएको छ । एजेन्सीका अनुसार यो वर्ष जापान आउने पर्यटकको संख्या ३ करोड पुगेको छ । उक्त संख्या अघिल्लो वर्ष २०१७ मा २ करोड ८६ लाख ९० हजार रहेको जनाईएको छ । यद्यपि यो वर्ष जापानले ३ करोड १० लाख पर्यटक भित्र्याउने लक्ष राखेको थियो ।

३ करोड पर्यटक भित्र्याउन सफल भएको उपलक्ष्यमा ओसाकास्थित कान्साई अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलवार एक समारोहको आयोजना गरियो । ओसाका हवाईमार्ग भएर यहाँ आउने पश्चिम जापानको प्रमुख प्रवेशद्वार मानिन्छ । सो समारोहमा बोल्दै भूमिब्यवस्था, भौतिक संरचना, यातायात तथा पर्यटनमन्त्री केइची इशीले विभिन्न समयमा ब्यहोर्नुपरेको प्राकृतिक विपत्तिका कारण अपेक्षित पर्यटक भित्र्याउन नसकिएको बताए ।

सन् २०२० मा ओलम्पिक तथा प्यारा ओलम्पिकको आयोजक राष्ट्र जापानले सो वर्ष ४ करोड पर्यटक भित्र्याउने लक्ष लिएको छ । उक्त लक्ष पूरा गर्नका लागि जापान सरकारले पर्यटकहरूका लागि भिसा नीतिमा सुधार, विमानस्थलको बिस्तार, होटल ब्यवस्थापनको प्रबर्द्धन लगायतका क्षेत्रमा ध्यान दिईरहेको सरकारी अधिकारीहरू बताउँछन् ।

यसका साथै अन्तर्राष्ट्रिय विमानस्थल तथा रेल स्टेशनहरूमा बहुभाषामा तत्काल सूचना प्रवाह गर्ने अत्याधुनिक प्रविधियुक्त ब्यवस्थापन गर्न सरकार लागिरहेको बताईएको छ । जसका कारण प्राकृतिक विपत्ति तथा अन्य आपतकालिन समयमा तत्काल सूचना प्रवाह गर्न सकियोस् ।

एक पत्रकार सम्मेलनमा बोल्दै जापानका मन्त्रीपरिषदका मुख्य सचिव योसिहिदे सुगाले भने - 'सन् २०२० मा ४ करोड पर्यटक पुऱ्याउने हाम्रो लक्ष पूरा गर्न हामी कटिबद्ध छौं ।'

सन् २०१३ मा पहिलोचोटी १ करोड पर्यटक भित्र्याएको जापानले सन् २०१६ मा आएर पहिलोचोटी २ करोड पुऱ्याएको थियो । सरकारी तथ्याङ्कअनुसार यस वर्षको पर्यटकहरूमा आधाभन्दा बढि संख्या अर्थात करीव १ करोड ५९ लाख जति एशियन मुलुकका पर्यटकहरू रहेको जनाईएको छ । ती मुलुकहरूमा चीन, दक्षिण कोरिया, ताइवान, हङकङ लगायतका रहेका छन् ।

प्राकृतिक बिपत्तिको कारण जापान आउने पर्यटकहरू प्रभावित हुने गरेको र सूचना प्राप्त गर्न भाषाको समस्यालाई पनि सहज गरिनुपर्ने आवाज उठ्न थालेको बिषयलाई जापान सरकारले गम्भीरताकासाथ लिएको बताईन्छ ।

कान्तिपुर मार्ट
यहाँहरुको भान्सादेखि रेष्टुरेण्टसम्मका दैनिक अत्यावश्यकीय उपभोग्य सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । होम डेलिभरी (थाक्युविन) को पनि व्यवस्था छ । अवश्य सम्झनुहोला । साथै टेपिकल स्वादिष्ट नेपाली खानाका लागि भेटघाट रेष्टुरेन्ट सेवामा प्रतिक्षारत छ ।
Contact for More Details
KANTIPUR MART
Tel: 03-5338-4066, 03-5338-4067
JR Yamanote Line, Shin-Okubo Station (Only 2 Min. Walk)
1-11-31 Hyakunincho, Shinkuku-ku, Tokyo 169-0073
Business Hour: Daily 10:00～24:00

कोउजी गर्नु छ ? गाडि चाहिएमा पनि
नयाँ वा पुराना रेष्टुरेन्ट, अफिस कोउजी गर्नुपरेमा वा एअरपोर्ट जान, कोठा सर्न र घुमफिर गर्नका लागि ड्राइभरसहित गाडि चाहिएमा हामीलाई सम्झनुहोला । सुपथ मूल्यमा छिटो, छरितो र भरपर्दो सेवा उपलब्ध गराउँदछौं ।
CALL US NOW
090-9840-2971
Sudeep Enterprise Co. Ltd.

गाडी चाहिएमा
सेवामा हाँजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागि गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, म:म: पकाउने भाडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।
Asia Hunter
Masaki Kobayashi
Tel: 03-3641-7087
Mob: 090-9304-2626
Email : master@asiahunter.com
Asia Moving
www.asiahunter.com

कोवायासी भिषा सर्भिस
सस्तो, सुलभ र छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरू (Services)
नेपाली, अंग्रेजी, हिन्दी र जापानी भाषामा कुरा गर्न सकिने ।
■ भिषा नवीकरण लाग्ने खर्च:9,800 येन
■ स्थायी भिषा (एईज्यु) लाग्ने खर्च:50,000 येन
■ भिषाको प्रकृति परिवर्तन लाग्ने खर्च:35,000 येन
■ कम्पनी स्थापना लाग्ने खर्च: आपसी सहमतिमा तय गरिने
■ नयाँ भिषा सम्बन्धि काम कुक:50,000 येन डिपेन्डेण्ट:35,000 येन

हिरोनारी कोवायासी
TOKYO TAIAN GYOUSEISYOSHI OFFICE
Tel: 03-6279-3353 Fax: 03-6908-5805 Mobile: 080-4186-2102
E-mail: tokyovisa409@gmail.com URL: http://www.tokyotaian.com
Shinokubo Lions Mansion 409, 2-4-5, Hyakunincho, Shinjuku, Tokyo, Japan

# टोकियोमा व्यवसायिक सेमिनार हुँदै

❑ नेस संवाददाता

टोकियो - नेपाली व्यवसायी संघ (एनबिए) जापानले जापानका नेपाली व्यवसायीहरूको हितलाई ध्यानमा राखी एकदिवसीय व्यवसायिक सेमिनार गर्ने भएको छ ।

जापानमा रहेर व्यवसाय गर्ने क्रममा भाषा तथा अन्य जानकारीको अभावमा भोग्नुपरेका विविध समस्या तथा अन्यौलतालाई न्यूनिकरण गर्दै उनीहरूलाई ब्यवसायिक क्षेत्रमा सहजीकरण गरी थप प्रोत्साहित गर्ने हेतुले उक्त सेमिनारको आयोजना गरिएको संघका अध्यक्ष विजय थकालीले बताउनुभयो ।

सेमिनारमा भिसा तथा आप्रवासन (अध्यागमन), बैंकिङ कारोवार तथा बैंक कर्जा, कर तथा बिमा, ब्यवसायिक लेखा परीक्षण (एकाउन्टिङ तथा अडिटिङ) र सुरक्षित डेटा ब्यवस्थापन सम्बन्धमा सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा प्रस्तुती दिने कार्यक्रम रहेको छ । सो अवसरमा विज्ञहरूसंग ब्यवसायीहरूले आ-आफ्ना ब्यवसायिक क्षेत्रका समस्या तथा अन्यौलताबारे खुलेर अन्तरक्रिया गर्न पाउने भएका छन् ।

सेमिनार आगामी जनवरी १९ तारिख शनिवारका दिन नेपाली मुरा हल शिन-ओकुबोमा हुने बताईएको छ ।

सेमिनार ब्यापार-ब्यवसायमा संलग्न र अब ब्यवसाय गर्न गईरहेका सबैका लागि अति उपयोगी, ब्यवहारिक र उपलब्धिमुलक हुने अपेक्षा गरिएको संघका महासचिव पुष्करजंग थापाले बताउनुभयो । अपरान्ह १ बजेदेखि हुने सो निःशुल्क सेमिनारमा उत्साहजनक सहभागिता जनाई लाभ लिन संघले नेपाली ब्यवसायीहरूमा आह्वान गरेको छ ।

संघले आफ्नो कार्य क्षेत्र क्रमशः बिस्तार गर्दै नेपाली ब्यवसायीहरूको हितमा उपयोगी कार्यक्रमहरू गर्दै जाने नीति अगाडि सारेको छ । जसअनुसार निकट भविष्यमा फुड फेयरको आयोजना गरी खाना प्रतियोगिताको आयोजना गर्ने र उत्कृष्टलाई पुरस्कृत गर्ने, ब्यवसायिक क्षेत्रका कार्यरत नेपाली जनशक्तिहरूको दक्षता अभिबृद्धि गर्न समय समयमा अभिमुखिकरण सेमिनारको आयोजना गर्ने लगायतका कार्यसूची संघले तय गरेको छ । जापानको सम्बन्धित निकायमा दर्ता प्रक्रियामा रहेको संघले स्थानीय सुरक्षा निकाय तथा जापानी समुदायसंग पनि नियमित अन्तरसंवाद गर्दै आईरहेको छ ।

# पूर्व गभर्नर रावलसहित ३ जनाविरूद्ध भ्रष्टाचारको मुद्दा दायर

❑ नेस संवाददाता

काठमाडौं - अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोलिमर नोट छपाइमा भ्रष्टाचार गरेको अभियोगमा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. तिलक रावलसहित तीन जना विरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

नेपाल राष्ट्र बैंकबाट दश रूपैयाँ दरका ५ करोड थान पोलिमर नोट छपाइ गरिँदा अष्ट्रेलियाको स्थानीय एजेन्टमार्फत आर्थिक लेनदेन गरेको, गुणस्तरहीन नोट छपाई भएको र गैरकानूनी मिलेमतो गरी उक्त स्थानीय एजेन्टमार्फत आर्थिक लेनदेन गरेको आरोप लगाउँदै अख्तियारले पूर्वगर्भनर रावलसहित तीनजनाका विरूद्ध मुद्दा दायर गरेको हो ।

अख्तियारले पूर्वगर्भनर रावलमाथि ९१ लाख ९ हजार ८ सय ८९ रूपैयाँ बिगो माग र दाबी गरेको छ । रावलसहित राष्ट्र बैंकका तत्कालीन नोट विभाग प्रमुख उपेन्द्रकेशरी पौडेल र नेपाल प्रतिनिधि हिमालयबहादुर पाँडेविरूद्ध पनि त्यत्ति नै बिगो माग दाबी गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता रामेश्वर दंगालले जानकारी दिनुभयो ।

अनुसन्धानका क्रममा अष्ट्रेलियासँग पहिल्यै बोलपत्र मस्यौदा लिने, सञ्चालक समितिका निर्णय चुहाउने, जर्मन कम्पनीसँगको साँचो नोट प्रिन्टिङ अष्ट्रेलियालाई हस्तान्तरण गर्न लगाउने जस्ता गैरकानुनी काम गरेर आर्थिक लेनदेन गरेको खुलेको प्रवक्ता दंगालले बताउनुभयो ।

रावल गभर्नरबाट हटेपछि संविधानसभा सदस्य हुँदै हाल नेपाली काँग्रेसको राजनीतिमा क्रियाशील हुनुहुन्छ । बिहिवार अख्तियारले भ्रष्टाचारको मुद्दा दायर गरेपछि प्रतिक्रिया दिदैं पूर्व गभर्नर रावलले न्यायको लडाई लड्न आफू तयार रहेको बताउनुभयो ।

उहाँले अख्तियारका केही व्यक्तिले फसाउन खोजेको र निशानामा राखेको सूचना आफूले दसैंअघि नै पाएको बताउनुभयो । आफूले नोट छपाईमा भ्रष्टाचार गरेको पाइए जस्तोसुकै कारबाही भोग्न तयार रहेको पनि रावलको भनाई छ ।

पछिल्लो समय मुलुकका मन्त्री सहितका ठूल्ठुला ओहदामा रहेका व्यक्तिहरूका विरूद्ध समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा अगाडि बढाइरहेको छ ।

केही दिनअघि सिक्टा सिँचाई आयोजनामा भ्रष्टाचार गरेको भन्दै पूर्वमन्त्री विक्रम पाण्डेविरूद्ध मुद्दा दायर गरेको चर्चा सेलाउन नपाउँदै अख्तियारले बिहिवार पूर्वगभर्नर विरूद्ध पनि भ्रष्टाचारको मुद्दा दायर गरको हो ।

# काँग्रेसमा झनै किचलो

❑ नेस संवाददाता

काठमाडौं – सभापति शेरबहादुर देउवा सहमतिबाट पछि हटेपछि काँग्रेसमा पदाधिकारी संख्या र निर्वाचन पद्धतिको विवाद चर्किएको छ ।

कोषाध्यक्षबाहेक सबै पदाधिकारी महाधिवेशनबाट निर्वाचित हुने व्यवस्था विधानमा राख्न तयार भएका देउवाले बिहीबार वरिष्ठ नेता रामचन्द्र पौडेलसँग एक उपसभापति र एक महामन्त्री मनोनीत गर्नुपर्ने प्रस्ताव राख्नुभएको छ ।

पौडेल-सिटौला पक्षले देउवाको प्रस्ताव नमान्ने घोषणा गरेको छ । देउवानिकट केही सदस्यसमेत असन्तुष्ट बनेका छन् ।

समावेशीको नारा दिएर मनोनीत कोटा बढाउन खोजेको भन्दै पौडेल पक्ष देउवाप्रति आक्रोशित बनेको छ । बिहीबार बिहानको बैठकमा पदाधिकारीलाई समावेशी बनाउन सात सहमहामन्त्री थप्ने समझदारी जुटेको थियो । पार्टीमा सात जातीय क्लस्टर छन् । सबै जातिको प्रतिनिधित्व हुने गरी ७ सहमहामन्त्री थप्ने र कोषाध्यक्षबाहेक सबैको निर्वाचन गर्ने सहमति भएको थियो । साँझ एकाएक देउवाले उपसभापति र महामन्त्री मनोनीत गर्नुपर्ने प्रस्ताव ल्याएपछि सहमति भाँडिएको हो ।

महासमितिको छैटौं दिनसम्म पनि पदाधिकारीमा सहमति नजुटेपछि महासमिति धकेलिँदै गएको छ । नेताहरू पदाधिकारीमा सहमति जुटाउन दिनभर व्यस्त भएकाले बिहीबार महासमिति बैठक डेढ घण्टा मात्रै चलेर स्थगित भयो ।

# हेलिकप्टर राष्ट्रपतिलाई होइन–प्रवक्ता बाँस्कोटा

❑ नेस संवाददाता

काठमाडौं – सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले भर्खरै डेढ अर्ब लागतमा किनिएको हेलिकप्टर राष्ट्रपतिका लागि नभई विदेशी अतिथि र प्रकोपका बेला उद्धारका लागि प्रयोग हुने बताउनुभएको छ ।

मन्त्रिपरिषदको निर्णय सार्वजनिक गर्न बिहीबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री बाँस्कोटाले हेलिकप्टर किन्न अघिल्लो वर्ष साउन १३ गते नै रक्षा मन्त्रालयले स्विकृति दिएको बताउनुभयो । उहाँले हेलिकप्टर खरिदको विषय राष्ट्रपतिलाई जानकारी नभए पनि राष्ट्रपतिको नाम मुछिएकामा असन्तुष्टि व्यक्त गर्नुभयो ।

उहाँले सरकारका मन्त्रीहरूले इन्धनबापत दोहोरो सुविधा लिने गरेको र आफ्ना स्वकीय सचिवलाई पनि इन्धन सुविधा दिलाउने गरेको भनी सार्वजनिक समाचारप्रति पनि रक्षात्मक बन्नुभयो ।

मन्त्री बाँस्कोटाले कतिपय कानुन र नियम अभावमा पनि सरकारको काम अड्किएको भन्दै अब सुरू हुने हिउँदे अधिवेशनमा ५० बढी कानुन पास गर्ने तयारी भएको जानकारी गराउनुभयो ।

मन्त्री बाँस्कोटाले कर्मचारी समायोजन विधेयकको विषयलाई लिएर सरकारी कर्मचारीले आन्दोलन गर्नुको तुक नभएको बताउनुभयो ।

# थोमसले जिते बीबीसी वर्ष उत्कृष्ट स्पोर्टस् व्यक्तित्व अवार्ड



❑ नेस संवाददाता

काठमाडौं - टुर दी फ्रान्स विजेता ग्रेइन्ट थोमसले बीबीसी वर्षको उत्कृष्ट स्पोर्टस् व्यक्तिगत २०१८ अवार्ड जितेका छन् ।

विश्व चर्चित साइकल र्‍याली टुर दी फ्रान्सको उपाधि जित्ने तेस्रो बेलायती चालक बनेका थोमसले फर्मुला वन चालक लुइस ह्यामिल्टन र हेरी केनलाई पछि पारे ।

दोस्रो स्थानमा ह्यामिल्टन आए भने तेस्रो स्थानमा हेरी केन रहे । ३२ वर्षीय थोमस भन्दा अगाडि क्रिस फ्रोम र सर ब्राड्ली विगिन्सले टुर दी फ्रान्सको उपाधि जितेका थिए ।

थोमसलाई सन् २०१७ का बीबीसी स्पोर्टस अवार्ड विजेता मो हराहले पुरस्कार हस्तान्तरण गरेका थिए । अघिल्लो महिनामात्र थोमस बीबीसी वेल्स बर्षको उत्कृष्ट खेलाडी बनेका थिए ।

यस्तै बीबीसी सो वर्ल्ड स्पोर्टस स्टार मोलीनारी बने भने इंग्ल्याण्डको नेटबल टिमले दुई वटा अवार्ड हात पार्‍यो । जसमा एउटा वर्षको उत्कृष्ट टिमको अवार्ड जित्यो ।

बर्षको उत्कृष्ट प्रशिक्षक फुटबलका ग्यारेथ साउथगेट बने । उनको प्रशिक्षणमा इंग्ल्याण्ड रसिया विश्वकपको सेमिफाइनलसम्म पुगेको थियो ।

# फिलिपिन्सकी क्याट्रिओना बनिन् मिस युनिभर्स–२०१८

❑ नेस संवाददाता

काठमाण्डौं - मिस युनिभर्स २०१८ फिलिपिन्सकी क्याट्रिओना ग्रेले बनेकी छिन् ।

थाइल्याण्डकको बैंककमा सोमबार भएको फाइनल प्रतिस्पर्धामा फिलिपिन्सकी २४ वर्षीया क्याट्रिओनाले मिस युनिभर्सको ताज पहिरिइन् ।

नेपालबाट प्रतिनिधित्व गरेकी मनिता देवकोटा पनि टप १० मा पुगेकी थिइन् । उनको यात्रा टप १० सम्ममात्रै रह्यो । अन्तिम प्रतिस्पर्धामा देवकोटा यसअघि एसिया तथा अफ्रिका क्षेत्रका उत्कृष्ट पाँच प्रतिस्पर्धीमा पर्न सफल भएकी थिइन् ।

अमेरिका, युरोप र एसिया प्यासिफिक तथा अफ्रिका गरी तीन महादेशका उत्कृष्ट पाँच छनौट गरी १५ जना र पाँचजना वाइल्ड कार्डमार्फत् गरी टप २० छनौट गरिएको थियो ।

मिस युनिभर्सको ताज जित्ने क्याट्रिओना फिलिपिन्सको चौथो सुन्दरी हुन् । यसअघि सन् २०१५, १९७३ र १९६९ मा पनि फिलिपिन्सकै सुन्दरीहरूले मिस युनिभर्सको ताज जितेका थिए ।

# पाँच वर्षमा काठमाडौंमा मोनोरेल

❑ नेस संवाददाता

काठमाडौं - काठमाडौंको चक्रपथमा मोनोरेल सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्ने जिम्मेवारी चाइना रेल्वे २५ औं ब्यूरो ग्रुप कम्पनी (सीआरसीसी) लाई दिइएको छ ।

बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य र सीसीआरसीका प्रमुख झ्यू ग्वाङबीङबीच काठमाडौंको चक्रपथमा मोनोरेल सञ्चालनका लागि डीपीआर तयार पार्ने सहमति पत्रमा हस्ताक्षर भएको हो ।

एक वर्षभित्र डीपीआर तयार पारिसक्ने गरी समझदारी गरिएको काठमाडौं महानगरपालिकाका मेयर शाक्यले जानकारी दिनुभयो । ३ वर्षभित्र त्यो रेलसेवा काठमाडौं र ललितपुर महानगरपालिकाभित्र रहेको चक्रपथमा सञ्चालन गर्ने योजना बनाइएको छ ।

काठमाडौं महानगरपालिकाका मेयर शाक्यले संघीय सरकार र प्रदेश सरकारको समेत सक्रियतामा मोनोरेलको डीपीआर तयार पार्ने सहमति पत्रमा समझदारी गरिएको स्पष्ट पार्नुभयो ।

डीपीआरको खर्च पनि चिनियाँ कम्पनी सीआरसीसीले नै व्यहोर्नेछ । काठमाडौं महानगरपालिकाका मेयर शाक्यले प्रतिवेदन ६ महिनाभित्रै आउने विश्वास व्यक्त गर्दै त्यसपछि तत्काल मोनोरेल सञ्चालन मार्ग निर्माणको काम सुरू हुने पनि स्पष्ट पार्नुभयो ।

उहाँले मोनोरेल सेवा निर्माणका लागि टेन्डर आह्वान गरेर प्रक्रिया अघि बढाउने योजना पनि सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा बोल्दै चिनियाँ कम्पनी सीआरसीसीका प्रमुख झ्यूले डीपीआरसहित मोनोरेल सेवा सञ्चालनका लागि निर्माण कार्य पूरा गर्न ५ वर्ष समय लाग्ने बताउनुभएको थियो ।

यता, ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले मोनोरेल सञ्चालन गर्ने आफूहरूको सपना पूरा गर्न चिनियाँ कम्पनी सीआरसीसी सफल हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले रेल सेवा सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारको पनि सहायता लिने स्पष्ट पार्नुभयो ।

यसअघि सीसीआरसीले नै मोनोरेल सञ्चालनका लागि सम्भाव्यता अध्ययन तयार पारेको थियो । अध्ययन अनुसार काठमाडौं उपत्यकाको २७ किलोमिटर चक्रपथभित्र मोनोरेल सञ्चालनका लागि झण्डै १ खर्ब १६ अर्ब लाग्नेछ ।

# युएईमा २ सय ७ नेपाली जेलमा

❑ नेस संवाददाता

युएई - युएईका जेलमा २ सय ७ जना नेपाली जेल जीवन बिताइरहेका छन ।

नेपाली दूतावासले जेल भ्रमण गरी तयार पारेको प्रतिवेदनमा १ सय ९९ जना पुरूष र ८ जना महिला जेलमा रहेको उल्लेख छ ।

युएईको दुवई, सारजाह, आबुधाबी, रसअलखेमा, उम्मलक्विन, फुजेराह र अलऐनमा रहेका ८ वटा जेलमा पुगेर दूतावासका प्रतिनिधीले नेपाली कामदारको अवस्था र मुद्दाको अध्ययन गरेको थियो ।

यस्तै स्थानीय प्रशासनका अधिकारीहरूसँग पनि छलफल गरेको दूतावासकी द्वितीय सचिव तथा सूचना अधिकारी बिष्णुकुमारी अधिकारीले जानकारी दिनुभयो ।

युएईको राजधानी आबुधाबीको अल आत्वा जेलमा सबै भन्दा धेरै १ सय ६ जना नेपाली छन् । यो जेलमा रहेकाहरू सबै पुरूष छन् ।

त्यस्तै दुबईको अल अविर सेण्ट्रल जेलमा ४ जना महिला सहित ६८, आबुधाबी अन्तर्गत अलऐनको मनाशिर जेलमा १४ जना, सारजाहको जेलमा ३ महिला सहित ९ जना नेपाली छन् ।

अजमान जेलमा ४ जना पुरूष नेपाली छन् । यस्तै फुजेराहको जेलला १ जना महिला सहित २ जना र रसअलखेमामा ४ जना नेपाली रहेको दूतावासले जनाएको छ ।

धेरै नेपाली रक्सी पिएर झगडा गरेका कारण जेलमा पुगेका छन् । २ सय ७ जना नेपालीमध्ये १ सय ५५ जना नेपाली रक्सीकै कारण जेल परेको देखिएको छ । झगडासँगै रक्सी पिएर गाडी चलाउने र चलाएको गाडीले सार्वजनिक सम्पत्तिमा क्षती पुर्‍याएका कारण उनीहर जेल परेको प्रतिवेदनमा उल्लेख छ ।

# युट्यूवले ५ करोड ८० लाख भिडियो हटायो

❑ नेस संवाददाता

काठमाडौं - युट्युबले आफ्नो नियम पालना नगरेको भन्दै लाखौं भिडियोहरू आफ्नो वेबसाइटबाट हटाएको छ ।

अमेरिकाको क्यालिफोर्निया राज्यस्थित स्यान बुर्नोमा मुख्यालय रहेको युट्यूबले गत जुलाई र सेप्टेम्बर महिनामा गरेको आन्तरिक 'अडिट' पश्च्यात ५ करोड ८० लाख भिडियोहरूलाई कम्पनीको सीमारेखा भित्र नरही 'अपलोड' गरिएको पाइएकोले हटाएको जनाएको छ ।

कम्पनीको आधिकारिक ब्लगमा जनाइएअनुसार भिडियोका साथ साथै झण्डै २३ करोड 'कमेन्ट' हरू समेत यूट्यूबबाट हटाइएको छ । यूट्यूबका प्रयोकर्तालाई विभिन्न ठगी स्किमहरूबाट जोगाउन र सुरक्षित वातावरण प्रदान गर्नका लागि उक्त कदम चालिएको ब्लगमा उल्लेख छ ।

गुगलको आधिपत्य रहेको युट्युबले २०१७ देखि प्रविधि र मानव श्रोतको प्रयोग गर्दै आफ्नो अनुसाशनभन्दा बाहिर रहेका सामग्रीहरूलाई हटाउन सुरूवात गरेको थियो । झण्डै १० हजार कर्मचारीहरूले दैनिक रूपमा यूट्यूबमा अपलोड हुने सामाग्रीको निगरानी गर्ने गरेका छन् ।

# पूर्व प्रधानमन्त्री डा. तुलसी गिरीको निधन

❑ नेस संवाददाता

काठमाडौं - पूर्वप्रधानमन्त्री डाक्टर तुलसी गिरीको निधन भएको छ । कलेजो रोगबाट थलिएका गिरीको काठमाडौको बूढानीलकण्ठमा रहेको निजी निवासमा निधन भएको हो । उहाँ कलेजो रोगबाट पीडित हुनुहुन्थ्यो ।

पशुपतिस्थित विद्युतिय शवदाह गृहमा गिरीको अन्तिम संस्कार गरिएको हो । पारिवारकै चाहना अनुसार सरकारले भीआईपीलाई दिइने राजकीय सम्मान प्रदान गरेन । गिरीले मृत्युअघि सामान्य नागरिक सरह आफ्नो अन्तिम संस्कार गर्न इच्छा जाहेर गरेकाले सोही अनुसार अन्तिम संस्कार गरिएको हो ।

उहाँको अन्तिम संस्कारका लागि पशुपति क्षेत्र विकास कोषको विद्युतीय शवदाह गृहलाई रू ४ हजार तिरिएको छ ।

# तातोपानी नाका वैशाख १८ देखि सञ्चालनमा आउने

❑ नेस संवाददाता

काठमाडौं - नेपाल चीनबीचको प्रमुख व्यापारिक नाका तातोपानी भन्सार आगामी वैशाख १८ देखि सञ्चालनमा आउने भएको छ । विसं २०७२ को भूकम्पपछि तातोपानी नाका बन्द थियो ।

तातोपानी नाका सञ्चालनका लागि यतिबेला सीमा क्षेत्रमा तीव्र गतिमा काम भईरहेको छ । आगामी वैशाखबाट नाका सञ्चालन हुन लागेको चिनियाँ उच्च स्रोतले जानकारी दिएको छ ।

नाका सञ्चालनका लागि वैशाखको पहिलो सातासम्म पूर्वाधारको काम सकिने चिनियाँ ठेकेदारले बताएको भोटेकोशी गाउँपालिकाका अध्यक्ष राजकुमार पौडेलले जानकारी दिनुभयो । उहाँले मितेरी पुलको पुन:निर्माण पनि शुरू गरिएको बताउनुभयो ।

काठमाडौंबाट १ सय ११ किलोमिटर उत्तरपश्चिममा अवस्थित तातोपानीका बासिन्दा नाका बन्द भएपछि मारमा छन् । सडक विभागका अधिकारीका अनुसार चीनले आफ्नोतर्फको सडकलगायत भन्सार पूर्वाधारको निर्माणमा तीव्र गतिमा काम गरिरहेको छ ।

चीनले विशेष महत्वका साथ नाका सञ्चालनका लागि काम गर्न थालेपछि नेपालतर्फको सडक मर्मतका लागि सडक विभागलाई सरकारले तताएको हो ।

# गायक युवराज आचार्यको साँगीतिक यात्रा
# ‘जालमा परियो’ देखि ‘नौटंकी’ सम्म

‘आफ्नै मन घाइते गराउँछु, ए, मायालु मैले तिम्लाई कति मन पराउँछु भन्नै डराउँछु’ यस गीतका गायक, सर्जक हुन युवराज आचार्य । लोकभाकामा आधारित दोहोरी गीत मन पराउनेहरूको जनजिब्रोमा झुण्डिएको सदाबहार गीत हो यो, जति पुरानो हुँदै छ, त्यति महत्व बढ्दै छ यस गीतको । यस गीतमा विष्णु माझी र आचार्यले स्वर भरेका छन् । उत्कृष्ट लय र माया प्रीतिको कलात्मक शब्दजालमा उनिएको यस गीत करीव एकदशक अघि बजारमा आएको थियो ।

जापानको ब्यस्तताको बिचमा पनि गीत-संगीतको क्षेत्रमा अनवरत लागिपर्दै आएका उनै लोकप्रिय गायक आचार्यले हालै दोहोरीगीत ‘नौटंकी’ को म्युजिक भिडियो बजारमा ल्याएका छन् ।

गायक आचार्यको आफ्नै लय र शब्द संयोजन रहेको नौटंकीमा उनलाई गायिका पूर्णकला बिसीले साथ दिएकी छिन् । आर अडियो म्युजिक इन्डष्ट्रिजले बजारमा ल्याएको ‘ नौटंकी’ मा कृष्ण विकको संगीत संयोजन रहेको छ । यसमा नरेशविर सिंह र अञ्जली अधिकारीको फिचरिङ देख्न सकिन्छ ।

गीतले मायाको नाममा देखावटी नाटक मञ्चन गरेर रमाईलोका लागि मात्र जीवनलाई खेलबाड गर्न नहुने सन्देश दिन खोजिएको गायक आचार्यले बताए । यदि कुलघरान र खानदानकी छोरा या छोरी हो भने पवित्र मायाको मर्यादाभित्र रहेर साँचो माया गर्नुपर्छ हैन भने कसैलाई फसाउनका लागि मात्र देखावटी मायाको अभिनय गर्न नहुने गीतको केन्द्रिय भाव रहेको उनले बताए ।

दोहोरीमा सवाल यसरी उठाईएको छ - बिश्वासको ठाउँ रहेन केहीमा नि, अन्तर्घाती नौटंकी बेइमानी, कालो कोथी ओंठमुनि कल्लाई फसाउन, खानदानकि छोरी भए दिलमा बसाउन, नत्र नौटंकी चाँहिदैन शत्रु हसाउँन । जबाफी फायरिङमा भनिएको छ - खेलबाड मेरै जिन्दगीभित्र, देखाईहाल्यौ असली चरित्र, कालो चश्मा शिरमाथि कल्लाई फसाउन, खानदानको छोरो भए दिलमा बसाउन, नत्र नौटंकी चाँहिदैन शत्रु हसाउँन ।

गायक आचार्यले विदेशी माटो टेकेपछिको चोथौ सिर्जना हो ‘नौटंकी’ । झ्याप्पै बत्ति, नौलो माया, दुई मुटु छुट्टिने बेला यसअघि उनले जापानबाटै सिर्जना गरेका गीतहरू हुन् । लगत्तै उनको पञ्चबाजा ‘जन्ती’ आउने तयारीमा रहेको उनले बताए । बिलकुल फरक धारको पञ्चैबाजा ‘जन्ती’ मा उनलाई गायिका शान्ति परियारले साथ दिएको जानकारी गराए ।

रोजगारीका क्रममा विगत सात वर्षदेखि जापानमा संघर्षरत आचार्य लाइभ दोहोरीमा बिशेष दखल राख्ने गायक मानिन्छन् । उत्कृष्ट शब्द चयन र संयोजनमा हदैसम्मको मिठास भरेर चोटिलो प्रहार गर्न उनी माहिर छन् । विदेशबाट गीत संगीतलाई निरन्तरता दिन त्यति सहज छैन, ब्यस्तताका कारण स्वदेशमा जस्तो फ्रेश मुड बनाएर पुरा तयारीका साथ लाग्न नसकिने अवस्था एकातिर छ, अर्कोतिर रेकर्डिङ, संगीत संयोजन, एरेञ्ज, भिज्युयलका बिचमा फोनको भरमा विदेशबाटै तारतम्य मिलाउन र समन्वय गर्न ज्यादै गाह्रो छ, खर्चिलो प्रविधि आफ्नो ठाउँमा छँदै छ ।’ - उनले आफ्नो अनुभव सुनाए ।

‘एउटा सिर्जना तयार हुन लय, शब्द, आवाज, संगीत र भिज्युअल बिचको उत्कृष्ट संयोजन हुनु आवश्यक छ’ - उनले भने - ‘ यिनीहरूबिच तालमेल नमिल्दा गीत गीत जस्तो बन्न सक्दैन ।’

उनी भन्छन् - ‘स्रोता-दर्शकको सुन्ने कान र हेर्ने आँखा हुँदैं हृदयमा ठाउँ लिन सकेमा मात्र गीतले जीवन पाउँछ, न्याय पाउँछ । मौलिकता हराउँदै गएको सामाजिक परिवेश र साँगीतिक बजारमा अहिले दुईखाले धार विद्यमान छन् । एकथरिहरू गीतको अन्तर्वस्तुमा खासै गुदी नभए पनि आकर्षक टाइटल दिएर सक्दो मिडियामा छाउने र जबरजस्ती हेर्न र सुन्न बाध्य पारी चर्चा, भ्युअर्स बटुल्ने र आम्दानीको पछि लाग्ने छन् भने अर्कोथरिहरू चर्चा, लोकप्रियता र भ्युअर्सको पछि लाग्दैनन् तर हृदयमा ठोक्किन पुग्ने, सबैले गुनगुनाउने खालको संख्यामा थोरै भए पनि गुणस्तरिय र कालजयी गीत उत्पादनतिर तल्लिन देखिन्छन् ।

बागलुङ बाटाकाचौरका आचार्य स्कुले जीवनदेखि नै गायनमा बिशेष रूची राख्थे । २०५६ देखि सुरू भएको उनको साँगीतिक यात्रा स्कुलको साप्ताहिक कार्यक्रम, दोहोरीगीत प्रतियोगिता, स्थानीय जात्रामात्रा, मेला, महोत्सव हुँदै राजधानीको दोहोरी साँझ, रेकर्डिङ स्टुडियोसम्म र त्यसपछि समुद्रपारको मुलुक जापानसम्म आईपुगेको देखिन्छ । विदेश आएर पनि उनी संगीतको दुनियाँभन्दा अलग बस्न सकेनन् । सोहीअनुसार समयले भ्याएसम्म विभिन्न साँगीतिक कार्यक्रमहरूमा सहभागी हुनुका साथै साँगीतिक साधनामा लागिपर्दै आईरहेका छन् ।

लोक दोहोरी, द्वैध लोकगीत, देशभक्ति गीत र जनताका गीत जस्ता विधा गरी १ सय ५० भन्दा बढि गीतमा उनले स्वर दिएका छन् भने उनका करीव दुईदर्जन जति आफ्नै एल्बम प्रकाशित छन् ।

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान जापान शाखाका अध्यक्ष समेत रहेका आचार्यले बिदेशमा रहेर पनि हाम्रा मौलिक कला, सँस्कृति, लोक दोहोरीगीत तथा संगीतको संरक्षण एवं संबर्द्धन गर्न र यस संग सम्बन्धित कलाकर्मीहरूको हितका लागि प्रतिष्ठानको जापान शाखा स्थापना गरिएको बताए । स्थापनाको पहिलो वर्ष भएकोले शाखालाई संस्थागत गर्न र आधारभूत संरचनाको बिस्तार गर्नमा जोड दिदैं आएको बताउँदै उनले प्रतिष्ठानको केन्द्रिय भवन निर्माणका लागि सक्दो सघाउने योजना रहेको बताए । जसअनुसार आउँदो अँग्रेजी नयाँवर्षमा फुकुओकामा वरिष्ठ सर्जक, गायक नारायण रायमाझी र शान्ति परियारको बिशेष प्रस्तुती रहने एक साँगीतिक कार्यक्रमको आयोजना गरिएको उनले जानकारी दिए । लगत्तै २ महिनापछि एक बृहत साँगीतिक कार्यक्रम सहित संस्थाको वार्षिक साधारण सभा आयोजना गरिने योजना तय गरिएको उनले बताए । - *प्रस्तुती तिलक मल्ल (कुराकानीमा आधारित)*


## ए हजुर कता ? बाराही हलाल फुड यता !

माछा, मासु, मसला, दाल चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित बाराही फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोस् ।
होम डेलिभरी (थाक्युबिन) को पनि व्यवस्था छ ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)
Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन-ओकुबो स्टेशनबाट ३० सेकेण्ड मात्र


## ネパール語と日本語を学びましょう–188
## (नेपाली र जापानी भाषा सिकौं)

| जापानी शब्द | जापानी उच्चारण | अंग्रेजी/नेपाली | नेपाली उच्चारण |
|---|---|---|---|
| 咳 (せき) | सेकी | Cough खोकी | コキ |
| 石炭 (せきたん) | सेकिताङ | Coal अँगार | アンガル |
| 責任 (せきにん) | सेकिनिन | Responsibility जिम्मा, भार | ジッマ、バール |
| 石油 (せきゆ) | सेकियू | Petroleum पेट्रोल | ペトロル |
| 赤痢 (せきり) | सेकिरी | Dysentery रगतमासी | ラガタマシー |
| 世間 (せけん) | सेकेङ | World लोक, दुनियाँ | ローク、ドゥニヤ |
| 説明 (せつめい) | सेचुमेइ | Comment टिप्पणी | ティッパニ |
| 是非 (ぜひ) | जेही | Certainly अवश्य | アバシャ |
| 狭い (せまい) | सेमाइ | Narrow साँघुरो | サグロ |
| 栓 (せん) | सेङ | Cork बिर्को | ビルコ |
| 選挙 (せんきょ) | सेन्क्यो | Election चुनाव | ツナブ |
| 先駆者 (せんくしゃ) | सेनकुस्या | Pioner अगुवा | アグワ |
| 先祖 (せんぞ) | सेन्जो | Ancestor पुर्खा | プルカ |


## कर्मचारी आवश्यकता

Contact: 090-6465-0905/080-4451-4060

एक कम्पनीको लागि केही स्थायी कर्मचारी आवश्यकता ।

**पदः** स्थायी कर्मचारी (सेइस्याइन) (पुरूष मात्र)
**तलवः** १८ मानदेखि **बस्ने व्यवस्थाः** उपलब्ध छ
**भाषाको ज्ञानः** सामान्य भए हुने
**भिषाः** उपलब्ध गराईने

फोनः 03-5652-0617
शुरूमा फोन तथा इमेल पठाउनुहोस् ।
株式会社 和円商事 Email: waenzhang46@yahoo.co.jp



## वालवालिकाको भिसा सम्बन्धी समस्यामा हुनुहुन्छ भने सम्पर्क गर्नुहोस् ।

आफ्ना वालवालिकाहरुसँगै जापानमा बस्न चाहनुहुन्छ भने ...

64,800円~ (नयाँ भिषाः नेपालबाट परिवार बोलाउँदा)
49,680円~ (नेपालबाट १३ वर्ष भन्दा तलका छोराछारी बोलाउन)
* यातायात खर्च, टिकट खर्च, हुलाक खर्च समावेश छैन ।

Administrative Scrivener
Junichiro Honda

Contact
TEL: 048-711-1996, 080-1796-7105
Sky Building 302, 2-5-26, Kamiochiai, Chuo-Ku, Saitama City, Saitama, Japan
From Kitayono Station (JR Saikyo- Line) 5 Min Walk
Facebook Page: https://www.facebook.com/saitama.honda116.visa.station
Facebook QR Code

## सुपथ ब्याजदरमा बैंक कर्जा

सुपथ ब्याजदरमा बैंक कर्जा लिएर आफ्नो व्यवसाय प्रवर्द्धन गर्न चाहानुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला । लगानी गरौं, बिजनेश बढाऔं । परामर्श तथा सेवाका साथै प्रक्रियाका लागि हामी साथ दिनेछौं ।

CALL US NOW 090-6095-5712
K&K INC.

# ‘नेतृत्वको कार्यशैली नसच्चिए ठूलो दुर्घटना’

»» पृष्ठ १ को बाँकी

हुनुहुन्न । किन यस्तो अवस्था आयो, अब नेपाल कम्युनिष्ट पार्टी कसरी अगाडि बढ्नुपर्छ ? यसै विषयमा केन्द्रित रहेर नेता भुसालसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः –

**स्थायी कमिटी बैठकबारे बाहिर निकै टिकाटिप्पणी आईरहेका छन् नि, पार्टी नेतृत्वको आलोचना भएकै हो ?**

लामो समयपछि बसेको बैठकमा नेताहरूले आ-आफ्ना धारणा राखेको छन् । यो क्रममा थुप्रै असन्तृष्टिहरू आएका छन् । खासगरी पार्टी विधि र प्रक्रियामा नचलेको कुरा छ, नेतृत्वबाटै विधान उल्लंघनका कुरा, सरकारका काम कारवाही, पार्टी एकताको स्पीड लगायतमा असन्तुष्टी छन् । केहि साथीहरूले त लिखित रूपमै फरक मत पनि राखेका छन् । पार्टी सचिवालयले पनि जुन स्पीडमा काम गर्नुपर्ने थियो त्यो गरेको देखिएन । यिनै विषयमा बैठकमा छलफल चलेको छ, नेतृत्वका आलोचना भन्दा पनि समग्र कामको मन्थन भएको छ ।

**तपाईंले त सचिवालय नै असफल भयो भन्नुभएको छ, यसले काम गर्न नसकेको हो ?**

पार्टी एकता भएर दुई तिहाइको सरकार बनेको कारण जुन असाधारण ऊर्जा र मनोविज्ञान सिर्जना भएको थियो त्यसलाई सचिवालयले कमजोर बनाएको छ । अधिकार सबै सचिवालयमा राख्ने काम भएको छ तर त्यो राम्रोसँग चलेको छैन, परिणाम दिन सकेको छैन । ९ जनाको निकै सानो टिम छ । पार्टी अहिले सानो गुट बनाएर, छलफल नभएरै निर्णय हुने हिसाबले चलेको छ । स्वभावैले जति थोरै मानिसबाट चलाईन्छ, त्यति धेरै गल्ती हुने संभावना रहन्छ । सचिवालयका ९ जनामध्ये पनि कतिपयले सरकारबाट हुने नियुक्ति र अन्य निर्णयमा छलफल हुँदैन भन्ने गर्नुभएको छ । स्वयं ९ जनाले नै हामीकहाँ छलफल हुँदैन भनेपछि अन्त कहाँ छलफल भयो होला र ? सरकार र पार्टीको ठूलो समस्या वा गुदी कुरा यही हो ।

**पार्टीभित्रै यो ‘सम्बन्ध विच्छेद’ जस्तो, मनमुटाव जस्तो देखिन थाल्यो, यस्तो अवस्था किन आयो ?**

मैले पटक-पटक भन्दै आएको छु, सय वर्षको कम्युनिष्ट आन्दोलन नियाल्दा हामी अहिले जुन ‘पोजिसन’ मा छौं, निर्वाचन परिणामको हिसाबले यो संसारको सबैभन्दा उत्तम नतिजा हो । कम्युनिष्ट पार्टी बलियो भएर समाजवाद आउँछ, शान्ति र विकास निर्माण हुन्छ भनेर जनतालाई अनुभूति गराउने अहिले अवसर र सामर्थ्य दुवै छन् । तर, त्यो देखिइरहेको छैन । त्यसको अर्थ नेतृत्वको कार्यशैलीमा समस्या छ । अध्यक्षहरूलाई धेरै अधिकार दिएदेखि नै पार्टीमा लोकतन्त्र अवरूद्ध हुँदै, खुम्चिँदै गयो । त्यो अहिलेसम्म पनि आफ्नो ट्र्याकमा फर्किन सकेको छैन । धेरै कमजोरीको सुरूवात यहीँबाट भयो र शीर्ष तहमै समन्वयको अभाव देखियो, यसले तल्लो तहमा पनि मनमुटाव बढायो ।

**पार्टीमा लोकतन्त्र खुम्चिँदै गयो भन्नुभयो, यसको अर्थ तपाईंहरुका माग सम्बोधन हुदैनन् या बोल्नै पाउनुभएको छैन, के हो ?**

यसलाई धेरै हिसाबले व्याख्या गर्न सकिन्छ । नवौं महाधिवेशनबाट केपी शर्मा ओली अध्यक्ष निर्वाचित भएर आएपछि हिजोको एमालेमै पनि यो खुम्चिन थालेको थियो । अहिलेको कुरै नगरौं । तल्लो पंक्तिका सिर्जना, आवाज र मतहरूलाई अवरूद्ध गरिदियो । सरकार कसरी चल्दैछ भन्ने विषयमा, संगठित छलफल र निर्णय नहुने, कसरी सुधार गर्ने भन्ने विषयमा पार्टी कार्यकर्ताले आफ्ना कुरा राख्न नपाउने, एकपछि अर्को कमजोरी हुँदै जाने र त्यसलाई ढाक्न कृत्रिम गतिविधि हुने भएको छ । यो शैली सच्चिनुपर्छ, त्यसका लागि सहकार्य, सहभागिताकै बाटोबाट जाने हो । यदि नेतृत्वको कार्यशैली र व्यवहार नसच्चिए ठूलो दुर्घटना हुन सक्छ ।

**लोकतान्त्रिक प्रक्रियामा फर्किने अवस्था देखिएन भने एकता के हुन्छ ?**

पार्टी विभाजित हुने संभावना छैन । तर लोकतान्त्रिक प्रक्रियामा फर्केनौं भने यो दुई तिहाईले जे गर्नुपर्ने थियो त्यो हुँदैन । लामो समय देखिको राजनीतिक अस्थिरताले देशको विकासमा बाधा पुग्यो,

त्यसलाई जनताले बुझे र नेकपालाई बहुमत दिए । अहिले स्थिरताका लागि पर्याप्त राजनीतिक, संवैधानिक वातावरण जुटेको छ । अब यो असफल भयो भने लोकतान्त्रिक स्थिरताका साथ यो देशले विकास गर्ने संभावना छैन भन्ने डरलाग्दो मनोविज्ञान स्थापित हुनेछ । यो प्रकारको गम्भीरता नेताहरूमा नदेखिनु, साना-साना कोटरी बनाउनु, माथि-माथि मात्रै छलफल गर्नु र त्यसबारे कार्यकर्तालाई थाहा नदिनु अहिलेको दुर्भाग्य हो ।

**पार्टी एकता प्रक्रियामा सच्याउनुपर्ने ती कमजोरी के के हुन् ?**

पार्टी एकता घोषणा जेठ ३ गते भयो । ३ बजे निर्वाचन आयोगमा पार्टी दर्ता गर्नुपर्नेछ, १२-१ बजे चार, साढे चार सय जनाको बैठक बोलाइएको छ । त्यस्तो अवस्थामा एकता प्रक्रिया खलबलिन्छ कि भनेर बोल्न पनि नमिल्ने । एकीकृत पार्टीको अध्यक्ष दुई जना रहने निर्णय पूर्वएमाले र पूर्वमाओवादी केन्द्र दुवैले संस्थागत रूपमा गरेका थिए । त्यसबाहेक अन्य कुनै पद हुन्छ भन्ने थिएन । तर अचानक महासचिवको पद आयो, राजनीतिक र सांगठनिक निर्णय गर्ने अधिकारसमेत सचिवालयमा छ भनेर भनियो । सचिवालयले अहिले नेकपालाई लिड गर्न सकेको छैन । केन्द्रीय सदस्य, विभाग र तल्ला कमिटीहरूले जिम्मेवारी पाएका छैनन् । त्यसैले जहाँबाट बाटो बिराइएको थियो, त्यहींबाट सच्याउन सुरू गर्नुपर्ने हुन्छ । त्यसरी सुधार गर्दै जाने हो भने दुई-तीन महिनामा उल्टाउन सक्ने क्षमता नेकपामा छ ।

**दुई अध्यक्षबीच संगठनमा भागबण्डा नमिलेर अप्ठेरो भईरहेको हो ?**

संगठनात्मक एकीकरण नहुँदा, जिम्मेवारी नुहँदा जे-जे बिग्रिएका छन् त्यसको सबै दोष नेताहरूलाई नै लाग्ने हो । संगठनात्मक एकीकरण ढिलो गरेर नेताहरूले बदनामी कमाईरहेका छन् । प्रजातान्त्रिक प्रक्रियालाई खुम्च्याएर नेताहरूले कुनै किसिमको श्रेय पाउँदैनन् । यो कुरा हामीले नेताहरूलाई बुझाउन सकेनौं ।

**दुई तिहाईंको सरकारमाथिको विश्वास किन धर्मराउन थालेको होला ?**

सबैका अगाडि स्पष्ट छ । न यसमा बढाइँचढाइ गर्नुपर्ने छ न घटाउनुपर्ने छ । कोही प्रधानमन्त्री, मन्त्री भैदिएको, कसैले राजनीतिक नियुक्त पाईदिएको अवस्थामा यो सरकार चलेको छ । हिजोको सरकारसँग तुलना गर्दा यो सरकार ठीकै चलेको छ । तर सरकारलाई हिजोको जस्तो मात्रै चलाएर भएको छैन । हिजो अस्थिरताको बेला ६-६ महिनामा प्रधानमन्त्री बदलिने समयमा जति काम भएका थिए, त्यो भन्दा धेरै नै काम अहिले भएको होला । तर त्यस विषयमा पनि पार्टीभित्र कुनै छलफल भएको छैन । सरकारमा बसेकाले राम्रो राम्रो मात्रै देखेका छन्, बाहिरबाट त्यस्तो देखिएको छैन ।

**सरकारले राम्रा काम र निर्णय नगरेको हो या गर्ने ढंग नपुऱ्याएको हो ?**

सरकारका मात्र होइन, व्यक्तिका पनि निर्णय प्रक्रिया कति पारदर्शी छन् भनेर दुनियाँले हेर्छ । मैले राम्रो निर्णय गरे भन्ने कुराको कुनै औचित्य छैन । त्यसकारण, पारदर्शिता र निर्णयमा सहभागिता नेतृत्वका लागि असाध्यै महत्वपूर्ण हुन्छ । हामी जता जाँदैछौं, हाम्रो नेतृत्व जता जाँदैछ, मचाहिँ यसलाई डरलाग्दो देख्छु ।

**अन्त्यमा, सरकारको मूल्याङ्कन चाहिँ कसरी गर्नुहुन्छ ?**

८-९ महिनामा सरकारले जे गऱ्यो त्यसको बेलिविस्तार वा व्याख्या तिर म जान्नँ । म जहाँ छु, त्यहाँबाट भन्दा यो सरकारमाथिको विश्वास धर्मरायो वा खत्तम भयो भनिहाल्न मिल्दैन । तर, हामीले राम्रो गरेका छैनौं । जुन तरिकाबाट हामी जाँदैछौं त्यो तरिका गलत छ । त्यसलाई बदल्ने हो । बदल्नका लागि पार्टीको आन्तरिक लोकतन्त्र बहाल गर्ने हो । त्यसपछि नयाँ विचार, कार्यक्रम, कार्ययोजना आउँछ । त्यसलाई बोकेर सम्पूर्ण पार्टी पंक्ति हिंड्ने हो ।

**भूलसुधारः अघिल्लो अंकको अन्तरवार्तामा फोटो फरक पर्न गएकोमा क्षमायाचना गर्दै भूल सुधार गरी अनलाईन पोर्टल समुद्रपारि डट कममा पुनः प्रकाशन गरिने व्यहोरा जानकारी गराउँदछौं – सम्पादक**

## नेपालीका लागि ...

हुने अपेक्षा गरिएको छ । त्यसका निम्ति नेपाल सरकारले जापानसंग श्रम सम्झौताको लागि आन्तरिक तयारी थालिसकेको श्रम मन्त्रालयका सचिव दाहालले बताउँछन् । उनले भने – कूटनीतिक पहल जारी छ, नेपाली कामदार पठाउने संभावनाबारे गृहकार्य भईरहेको छ, उताबाट प्रतिनिधि मण्डल नै नेपाल आउने कुरा भईरहेको छ । के गर्न सकिन्छ हामी छलफल गर्छौं ।

जापानले लामो समयदेखि विदेशबाट दक्ष श्रमिक ल्याउने तयारी गरिरहेको छ । विदेशी श्रमिक प्राप्त गर्ने देशहरूको सूचीमा नेपाललाई समावेश गर्न यसअघि नै परराष्ट्र मन्त्रालय मार्फत बारम्बार छलफल भएको श्रम मन्त्रालयले जनाएको छ ।

तर नेपाली अधिकारीहरूले सरकार-सरकारबीच सम्झौता गर्नुपर्ने अर्थात ‘जी टु जी’ सम्झौता गर्न खोज्दा कुरा नमिलेको बताईएको छ ।

जापान जस्तो आकर्षक वैदेशिक रोजगारीको गन्तव्य गुम्न नदिन नेपाल सरकारले उचित ध्यान पुऱ्याउनुपर्ने वैदेशिक रोजगार ब्यवसायीहरू बताउँछन् ।

जापानले कृषि, स्वास्थ्य सेवा, निर्माण, स्याहार-सुसार, सवारी जस्ता क्षेत्रमा आगामी ५ वर्षभित्रमा झण्डै साढे तीन लाख विदेशी कामदार भित्र्याउने लक्ष्य राखेको छ ।

त्यसका निम्ति विदेशी कामदारहरूले भाषा परीक्षा र सीप परीक्षा पास गर्नुपर्ने न्यूनतम योग्यता मापदण्ड तोकेको बताईएको छ । त्यस्ता सीपमूलक जनशक्ति उत्पादनमा सरकारले अहिलेदेखि नै ध्यान दिन नसकेमा अवसरको सदुपयोग गर्न नसकिने चिन्ता कतिपय रोजगार विज्ञहरूको छ ।

## नेपालले युएईसँग एक दिवसीय र टी-ट्वान्टी खेल्ने

❑ नेस संवाददाता

काठमाडौं – नेपालले दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट सिरिज युएईसंग खेल्ने भएको छ । नेपालले आगामी जनवरीमा युएईसंग एकदिवसीय खेल्ने भएका हुन् ।

युएईमा हुने सिरिजको मिति भने केहि दिनमा आउने बताईएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) ले केहि दिनमा नेपाल र युएईबीच हुने खेलको मिति तय गर्ने आईसीसीको नेपाल प्रतिनिधि तथा क्यानका पूर्व सीईओ भावना घिमिरेले बताईन् ।

यस्तै घिमिरेले नेपाल र युएईबीच एकदिवसीय क्रिकेट सिरिज र टी-ट्वान्टी क्रिकेट सिरिज हुने जानकारी गराईन् । तर, कति खेलको एकदिवसीय र टी-ट्वान्टी हुने भन्ने बारे आईसीसीले निर्धारण गर्ने

घिमिरेले जानकारी गराईन् ।

आईसीसीबाट एकदिवसीय मान्यता पाएपछि नेपालले नेदरल्याण्डसंग पहिलो एकदिवसीय सिरिज खेलेको थियो । जुन सिरिज १ – १ को बराबरी भएको थियो ।

नेपालले जिम्बाबेमा भएको विश्वकप छनोटबाट एकदिवसीय मान्यता पाएको थियो । युएईले पनि विश्वकप छनोटबाट एकदिवसीय मान्यता पाएको थियो ।

**कोठा भाडामा**

*टोकियो ईकेबुकुरोदेखि तोबु तोज्यो १० मिनेट, फुकुतोसिन तथा यूराकुच्यो लाईनदेखि १५ मिनेट नारिमासमा विद्यार्थी तथा परिवारसँग बस्नको लागि सस्तो कोठाहरू उपलब्ध छ ।*

- स्टेशनदेखि जम्मा ३ मिनेट
- ग्यारेन्टरको आवश्यकता नपर्ने
- तत्कालै सर्न सकिने

इच्छुकहरूले तलको नम्बरमा सम्पर्क गर्नुहोस् ।

**090-9405-5636**

**हाङ्को बनाउनुपर्ने छ?**

छिटो, छरितो र सुपथ मूल्यमा हान्को, रबर स्ट्याम्प, भिजिटिङ कार्ड बनाउनुपरेमा हामीलाई सम्झनुहोला । तपाईको आवश्यकताअनुसार अंग्रेजी वा जापानी (काताकाना) मा फटाफट बनाईन्छ ।

**मूल्य ¥ 1200 ~**

**SHIMAMURA INTEN**

(Only 5 Min. walk From Shin-Okubo Station)
Business Hours 09:00~18:00
Closed on Sunday & Public Holidays
2-18-7 Okubo, Shinjuku-Ku, Tokyo 169-0072

TEL **03-3209-0400**

**ठाउँ एक, सुविधा अनेक**

**भिसा फारम**
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानाडा लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।

**ट्रान्सलेट**
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।

**आजै सम्पर्क गर्नुहोस्**

**मेन्यु चिरासी**
रेष्टुरेण्टको मेन्यू, चिरासी, नोबोरी, टिसर्ट तथा भिजिटिङ कार्ड लगायत सम्पूर्ण डिजाइन सम्बन्धी काम गर्नु परेमा ।

**भौतारिनै पर्दैन**

**GMT International Co. Ltd.**
Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

# यूट्युबमा अनमोल र प्रदीपको प्रतिस्पर्धा

# अगाडि अशोक दर्जी

❑ नेस संवाददाता

काठमाडौं – नेपाली सिनेमाका दुई स्टार भनेर अनमोल केसी र प्रदीप खड्कालाई लिने गरिन्छ । युवा स्टारको सूचीमा अगाडि देखिएका अनमोल सायद एक्लै यो उमेर समूहका स्टार बनिरहन्थे होला तर उनका लागि प्रदीप खड्का 'थ्रेट' बनेका छन् । भन्दा त यी दुवैले हामीबीच प्रतिस्पर्धा छैन भन्लान् । तर एक प्रकारले दुवैबीच चर्को प्रतियोगिता छ भन्ने देखाउँछ ।

पछिल्लो उदाहरण नै लिऔं – जुन दिन अनमोल अभिनित फिल्म 'क्याप्टेन' को गीत रिलिज हुने कार्यक्रम थियो, त्यही दिन नै प्रदीप खड्का अभिनित फिल्म 'लिलिबिली' पनि हलमा रिलिज गरिएको केही महिनामै युट्युबमा अपलोड गरियो ।

एउटा त फिल्मको गीत, अर्को पूरै फिल्म । यसरी हेर्दा फिल्म प्रति दर्शकको रूची हुनु नौलो होइन । यता अनमोल अभिनित 'रहर छ सँगै' बोलको गीत एकाएक ट्रेन्डिङमा आयो । प्रदीप पनि यूट्युबको नेपाल ट्रेन्डिङमा पछिपछि आइरहेका थिए ।

धेरैलाई याद नै छ, प्रदीपकै अभिनय रहेको अर्को फिल्म 'प्रेम गीत २' पनि केही हप्ताअघि मात्र यूट्युबमा रिलिज गरिएको थियो । यो चलचित्र भने झण्डै एक हप्ता नै ट्रेन्डिङमा बसेको थियो । अहिले यूट्युबमा अनमोल र प्रदीप जुधिरहँदा अर्को रमाइलो के भएको छ भने ती दुवै स्टारलाई सामाजिक सञ्जालबाट भाइरल भएका बाल गायक अशोक दर्जीले उछिनेका छन् ।

# प्रियंका कार्कीका दुई चलचित्र एकैसाथ प्रदर्शन हुने

❑ नेस संवाददाता

काठमाडौं – नेपाली चलचित्र बजार सानो छ तर त्यही सानो बजारमा चलचित्र निर्माता तथा निर्देशकहरूको होडबाजी चल्ने गरेको छ ।

त्यो होडबाजीले कसैलाई फाइदा पनि पुर्‍याएको छ भने कसैलाई नराम्ररी पछारेका उदाहरणहरू प्रशस्तै छन् । शुक्रबार एक मात्र चलचित्र रिलिज हुन सके भाग्यमानी मानिन्छ यहाँ, तर कतिपय उदाहरण यस्ता पनि छन्, एकै मितिमा एउटै अभिनेता अथवा अभिनेत्रीहरूको धेरै चलचित्र पनि प्रदर्शनमा आउने गरेका छन् । त्यसको सिकार भईसकेकी नायिका हुन् प्रियंका कार्की । यसअघि उनी अभिनित दुई चलचित्र 'ह्याप्पी डेज' र 'कोहलपुर एक्सप्रेस' एकसाथ प्रदर्शनमा आएका थिए ।

नायक आयुष्मान देशराज जोशीको प्रेममा रमाइरहेकी छिन् नायिका प्रियंका कार्की । पछिल्लो समय उनलाई गुणस्तरमा नभई संख्यात्मक अभिनयमा जोड दिने नायिकाका रूपमा धेरै निर्माता तथा निर्देशकहरूले व्याख्या गर्ने गरेका छन् ।

एकपछि अर्को बेडसिन दिएका कारण पनि उनी यतिबेला चलचित्र उद्योगमा चर्चाको विषय बनिरहेकी छन् । केही समय अगाडि चलचित्र 'कथा काठमाडौं' मा दिएको दृश्यका कारण उनी आलोचनाको सिकार पनि बनेकी थिइन् । तर त्यो अलोचनाले उनलाई कुनै फरक भने पारेन ।

केही दिनअघि मात्र चलचित्र 'अनागत'को टिजर सार्वजनिक भयो । चलचित्रको टिजरमा पनि प्रियंकको बेड सिन देखाइएको छ ।

उनै प्रियंकाले अभिनय गरेका अन्य दुई चलचित्र पुनः एकैसाथ प्रदर्शनमा आउने पक्का भएको छ । पूर्वघोषित मितिमा फेरबदल नभए २०७६ को वैशाख १३ गते उनको मुख्य अभिनय रहेका २ चलचित्र 'दालभात तरकारी' र 'प्रेम दिवस' एकसाथ प्रदर्शनमा आउने भएका छन् । मंगलबार 'प्रेम दिवस' निर्माताले 'दालभात तरकारी' प्रदर्शन मितिमै चलचित्र प्रदर्शन गर्ने घोषणा गरेका हुन् ।

म्युजिकल लभस्टोरी कथामा निर्माण भएको 'प्रेम दिवस'लाई योगेश घिमिरेले निर्देशन गरेका छन् । चलचित्रमा कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजको रहेको छ । चलचित्रमा मानकृष्ण महर्जनको छायांकन, बनिष शाहको सम्पादन रहेको छ । यस चलचित्रमा प्रियंकाले आफ्ना रियल प्रेमी आयुष्मान देशराज जोशीसँग रोमान्स गरेकी छन् ।

तुरुन्त कामदार आवश्यकता

काम गर्न मिल्ने भिसा भएकाहरूले तुरुन्त सम्पर्क गर्नुहोला

| Only for Regular Staff | | Only for Regular Staff | |
|---|---|---|---|
| Job: | Topping Potato Peelling | Job: | Mixing of Vegetables |
| Salary: | 985~1,200/Hour (+25% after 22:00 for Night Shift) | Salary: | 1000~1250/Hour (+25% After 22:00 for Night Shift) |
| Time: | 07:00~16:00 Day Shift 18:00~03:00 Night Shift | Time: | 7:00~16:00 Day Shift 19:00~04:00 Night Shift |
| Job Location: | Akishima City | Job Location: | Akishima City |
| Accomodation: | Provided | Accomodation: | Provided |
| Please contact us for more Details 080-6596-7320 (Suzuki) | | Please contact us for more Details 080-5514-3036 (Chinen) | |

YUTEC CO. LTD.
2-7-3 Showa Cho, Akishima-Shi, Tokyo 196-0015
Tel: 042-519-5471 Fax: 042-519-5472

कामदारहरू चाहियो

टोकियो लगायत जापानको विभिन्न स्थानका विभिन्न कार्यक्षेत्रहरुमा ठूलो संख्यामा कामदारहरुको आवश्यकता परेकोले काम गर्न मिल्ने भिसा भएका ईच्छुक ब्यक्तिहरुले तल दिईएको भाइवर वा इमेलमा तुरुन्त नाम दर्ता गराउनुहोला । कामको प्रकृति, काम गर्ने समय, कार्यस्थान, सेवा सुविधा लगायतका आवश्यक थप जानकारी हामी भाइवर म्यासेज वा इमेल मार्फत दिने छौं । तपाईको सीप, दक्षता, अनुभव र अनुकुलताअनुसार सिफ्ट र आकर्षक तलव सुविधा भएको फुलटाइम तथा पार्टटाइम काम उपलब्ध गराउने छौं ।

**किचनको काम**

स्थान: टोकियोको च्युओ एक्सप्रेसवेमा अवस्थित फुड कोर्ट रेष्टुरेन्ट
एक्सेस : जेआर चुओ लाइन, बस उपलब्ध
काम : किचन हेल्पर, वासिङ, क्लिनिङ
समय : विभिन्न समयका सिफ्ट उपलब्ध
तलव : प्रतिघण्टा ९५० येन (रात्रिकालिन १,२५० येन)
यातायात खर्च : उपलब्ध
खाना : दैनिक २०० येन उपलब्ध

**माछा प्रशोधनको काम**

स्थान: होन्च्यो फुनाबासी, चिबा
एक्सेस : जेआर सोबु लाइन, फुनाबासी स्टेशनबाट २ मिनेट
काम : माछा प्रसोधन, सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९०० येन
यातायात खर्च : उपलब्ध

**माछा प्रशोधनको काम**

स्थान: मिनामी ग्योतोकु, इचिकावा, चिबा
एक्सेस : टोकियो मेट्रो तोजाई लाइन मिनामी ग्योतोकु स्टेशनबाट २ मिनेट
काम : माछा प्रसोधन सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९५० येन
यातायात खर्च : उपलब्ध

**तरकारी प्रसोधनको काम**

स्थान: मिनामी ग्योतोकु, इचिकावा, चिबा
एक्सेस : टोकियो मेट्रो तोजाई लाइन मिनामी ग्योतोकु स्टेशनबाट २ मिनेट
काम : तरकारी प्रसोधन सुपरमार्केटमा प्याकिङ
समय : विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म
तलव : प्रतिघण्टा ९५० येन
यातायात खर्च : उपलब्ध
भाषा : एन ४ लेभल

माथि उल्लेखित बाहेक पनि धेरै स्थानहरुमा काम उपलब्ध छ, कृपया भाइबर वा इमेलमा म्यासेज गर्नुहोस् ।

080-4150-5314 sksgmnj43@gmail.com

SKS Co. Ltd.
(License No: 13-U-307893 & 13-306664)
Ogura Bld., 6 F. 3-16-9 Takadanobaba, Shinjuku-Ku, Tokyo 171-0033


Published by: GMT International Co. Ltd., Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314, Email: samudraparinews@gmail.com, 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073
Editor in chief: Tilak Malla, Editor: Ritu Kumar Dura, Designer/Developer: Bishnu Prasad Subedi